लहान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लहान, सिराहा

मधेस प्रदेश, नेपाल

प.सं.-२०८१/०८२ (राजश्व शाखा)

च.नं. ६२८८

मितिः- २०८२/०३/०१

श्री इलाका प्रशासन कार्यालय, लहान ।

श्री जिल्ला वन कार्यालय, लहान ।

श्री इलाका प्रहरी कार्यालय (क), लहान।

श्री सशस्त्र प्रहरी वेश क्याम्प, लहान ।

विषयः **आवश्यक सहयोग सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा चालु आ.व.२०८१/०८२ कालागी यस नगरपालिका क्षेत्रभित्र रहेका नदी/खोलाहरुबाट नदीजन्य पदार्थहरुको उत्खननन्, संकलन, व्यवस्थापन गर्ने कार्य मिति २०८२।०३।०१ गते देखि २०८२ भदौ मसान्तसम्म र सो पश्चात कार्यालयले ठेक्का व्यवस्थापन गरे पछिमात्र सञ्चालनमा आउने गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन, व्यवस्थापन लगायतका कार्यहरुमा रोक लागाईएको छ । यस अवधिमा नगर क्षेत्रभित्र रहेका नदी/खोलाहरुबाट अवैध रुपमा नदीजन्य पदार्थ चोरी निकासी हुने सम्भावना रहेकाले, सो कार्यलाई रोक लगाउन र अवैध रुपमा हुने चोरी निकासी नियन्त्रण गरी राजश्व चुहावट रोक्न आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ।

साथै, यस नगरपालिकाबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन गर्ने कार्यमा रोक लगाईएको सूचना यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.............................................

जयकान्त झा

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

**सादर अवगतार्थः**

श्रीमान् नगर प्रमुखज्यू, लहान नगरपालिका ।

श्रीमान् उपप्रमुखज्यू, लहान नगरपालिका ।

**बोधार्थः**

सम्पूर्ण वडा कार्यालय (१-२४), लहान नगरपालिका ।

श्री चाईना रेलवे नं.२ ईन्जिनियरिङ्ग ग्रुप प्रा.ली., शाखा कार्यालय, लहान सिराहा ।

lahan.municipal@gmail.com,

Scanned with OKEN Scanner

लहान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लहान, सिराहा

मधेस प्रदेश, नेपाल

प.सं.-२०८१/०८२ (राजश्व शाखा)

च.नं.

मिति:-२०८२।०३।०१

विषय:- नदीजन्य पदार्थ उत्खनन् संकलन, व्यवस्थापन लगायतका कार्यहरुमा रोक लगाईएको सार्वजनिक सूचना ।

प्रस्तुत सन्दर्भमा लहान नगरपालिकाको क्षेत्राधिकार भित्रका नदी तथा खोलाहरुबाट चालु आर्थिक वर्ष २०८१/०८२ का लागि नदीजन्य पदार्थ उत्खनन्, संकलन, व्यवस्थापन तथा बिक्री वितरण कार्य गरिदै आईएकोमा ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७(पहिलो संशोधन), २०७९ को दफा ६ ले थप गरेको उपदफा १६ मा भएको व्यवस्था वमोजिम प्रत्येक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न नपाईने व्यवस्था वमोजिम मिति २०८२ असार १ गतेदेखि २०८२ भदौ मसान्तसम्मका लागि नदीजन्य पदार्थको उत्खनन्, संकलन, व्यवस्थापन लगायतका कार्यहरुमा रोक लगाईएको व्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा जानकारीका लागी अनुरोध छ । सथै यस अवधिमा नदीजन्य पदार्थ उत्खनन्, संकलन, व्यवस्थापन कार्य गर्ने/ गराउने र कानून विपरित नदीजन्य पदार्थको दोहन गरेको पाईएमा कानून वमोजिम कारवाही हुने व्यहोरा समेत अनुरोध छ ।

.........................................

जयकान्त झा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

lahan.municipal@gmail.com,